## गुलरिया नगरकार्यपालिका

## गुलरिया नगरपालिकाको कार्यालय

### गुलरिया नगरपालिकाको आन्तरिक स्रोतहरुको कर असुली सम्बन्धी ठेक्काको सूचना

(चौथो पटक सूचना प्रकाशीत मिति : २०७९।०९।०४)

यस गुलरिया नगरपालिकाको मिति २०७९/०७/२१ गतेको स्थानीय राजश्व परामर्श समितिको सिफारिस र मिति२०७९/०८/१६को कार्यपालिकाको निर्णय अनुसार तपसिलका आन्तरिक स्रोतहरुको कर असुली कार्य ठेक्काद्धारा बन्दोबस्त गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ र स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम चौथो पटक गोप्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट ठेक्कामा दिई तपसिलका अवधिका लागि कर असुली गर्नुपर्ने भएको हुँदा ईच्छुक महानुभावहरुबाट तपसिल अनुसारको शर्त बमोजिम सिलबन्दी दरभाउपत्र फाराम पेश गर्नका लागि यो ७ दिने सूचना प्रकाशन गरिएको छ । ठेक्का लिन ईच्छुक व्यक्ति, संघ, संस्था तथा सबै महानुभावले तोकिएको म्यादभित्र सिलबन्दी दरभाउपत्र खरिद गरी कार्यालयमा पेश गर्न हुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१.) दरभाउ पत्र फाराम रु.१,०००। पछि फिर्ता नहुने गरी यस कार्यालयबाट मिति २०७९।०९।०४ गतेदेखि २०७९।०९।११ सम्म कार्यालय समयमा खरिद गरी सक्नुपर्नेछ ।

२.) दरभाउपत्र फाराम साथ नेपाली नागरिकका लागि आफुले कबोल गरेको अंकको ५% ले हुनआउने रकम यस कार्यालयको धरौटी खाता नं ४१४०१००३०३००००२ मा जम्मा गरेको सक्कल दोश्रो प्रति भौचर, नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

३.) सिलबन्दी दरभाउपत्र मिति २०७९।०९।१२ गते अपरान्ह १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ

४.) सिलबन्दी दरभाउपत्र मिति २०७९।०९/१२ गते दिनको २:०० बजे ठेकेदार उपस्थित नभएमा पनि सो सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५.) सिलबन्दी दरभाउपत्र लिने र दिने खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयलाई मानिने छ ।

६.) कुनै पनि शर्त राखी वा विद्युतिय माध्याम बाट कबोल गरेको अंकलाई मान्यता दिईने छैन ।

७.) प्रचलित कानून अनुसार लाग्ने कर तथा आय कर स्वयं बोलपत्रदाताले आफै व्यहोर्नु पर्नेछ ।

८.) दरभाउदाताले आफुले कबोल गरेको अंकलाई सम्झौता मा उल्लेखित किस्ता बमोजिम रकम दाखिला गर्नुपर्ने छ । प्रथम किस्ता चलनपूर्जि लिनु अगावै र अन्य किस्ता शर्तनामा उल्लेख भएअनुसार हुनेछ ।

९.) दरभाउदाताले कबोल गरेको अंक सम्झौताका बखतमा नै एकमुष्ठ नगदै दाखिला गरेमा अंकको १०% रकम छुट दिईनेछ ।

१०.) सम्झौता गर्न आउँदा कबोल अंक बराबरको ५०% रकम नगदै र बाकि ५०% रकम२०८० को पौष मसान्त सम्म को बैंक ग्यारेन्टी (नेपाल राष्ट बैंकबाट मान्यताप्राप्त) बैंकको जमानीपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

११.) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गुलरिया नगरपालिकालाई हुनेछ ।

१२.) थप जानकारीको लागि गुलरिया नगरपालिकाको राजश्व शाखामा सर्म्पक राख्न सकिनेछ ।

१३.) ठेकेदारले आफुले कबोल गरेको रकम अंक र अक्षरमा हुनुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ ।

१४.) बसपार्कको टिकट र शौचालयमा जडान भएको विद्युत महसुल बापतको रकम बिल बमोजिमको रकम ठेकेदारले मासिक रुपमा नगदै दाखिला गर्नुपर्ने छ वा महसुल बुझाएको बिल पेश गर्नुपर्नेछ ।

१५.) बिगत बर्षको बक्यौता रकम नगरपालिकामा बुझाउन बाँकी हुनेले दरभाउपत्र फाराम खरिद गर्न पाउने छैन

१६.) गुलरिया बस पार्किङ्ग प्रवेश शुल्क र गुलरिया तरकारी हाट बजार र पशु हाट बजारको शुल्क उठाउन पाउने दररेट तपसिल बमोजिम हुनेछ ।

१७.) अन्यशर्तहरु सार्वजनिकखरिद ऐन २०६३, सार्वजनिकखरिद नियमावली २०६४, र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम सो मा उल्लेख भएअनुसार हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

१८) सम्झौता अवधी २०८० मंसीर मसान्त सम्म हुनेछ ।

तपसिल

| नम्बर | ठेक्काको नाम | आ.व. | ठेक्का न्यूनतमअंक |
|---|---|---|---|
| १/०७९/०८० | गुलरिया तरकारी हाट बजार, गुलरिया ७ | २०७९/०८० | १२,५००००/(बाह्र लाख पचास हजार) |
| १/०७९/०८० | गुलरिया बस पार्किङ्ग प्रवेश शुल्क, गुलरिया ७ | २०७९/०८० | १०,००१००/(दश लाख एक सय) |
| १/०७९/०८० | पर्बतिया तरकारी हाट बजार, खैरापुर, गुलरिया न.पा.१ | २०७९/०८० | १६६०००/(एक लाख छयासठ्ठी हजार) |
| १/०७९/०८० | गुलरिया पशु हाट बजार, गुलरिया ८ | २०७९/०८० | १०,००००/(दश लाख) |

<u>क) गुलरिया बस पार्किङ्ग प्रवेश शुल्क ठेक्कामा ठेकेदार पक्षले उठाउन पाउने दररेट :</u>

क) रात्रीबस प्रतिदिनप्रति साधन रु.५०।
ख) हेभी बस, ट्रक, टिपर, जे.सि.भी.प्रति साधन प्रति दिन रु.५०।
ग) मिनी बस,माइक्रोबस प्रति दिन प्रति साधन रु.३०।
घ) जिप., टक्सासी, भ्यान, कार प्रति दिन प्रति साधन रु.२५।
ङ) ट्याक्टर प्रति दिन रु.२०।

<u>ख)गुलरिया तरकारी हाट बजारमा दरभाउदाताले उठाउन पाउने दररेट :</u>

क) तरकारी हाट बजारमा बनेको १०/१० को २०१ वटा स्टलको प्रति स्टल रु ७०/– का दरले उठाउन पाउने
ख) स्टल भन्दा बाहिर (भुई) बसी व्यापार गर्ने संग ५/५फिट को ठाउ दिई प्रति ठाउ रु २०/का दरले उठाउन पाउने
<u>ग) पर्बतिया तरकारी हाट बजारको बैठकी मुल्य सुची दरभाउ पत्र लिदा नै उपलब्ध गराइने छ ।</u>

<u>घ) पशु हाट बजारको कर असुली दररेट :–</u>

पशु हाट बजारमा खरिद बिक्रिमा पशु खरिदकर्ता बाट
१) रागाँ भैसी प्रति जिउ रु –२३०/–
२) गाई गोरु प्रति जिउ रु– १७५/–
३) पशु सट्टापट्टा प्रति जिउ रु– १५०/–(दुबै पक्ष बाट)
४) पशु हरु हाट बजारमा प्रवेश गराए बापत प्रवेश शुल्क प्रति जिउ रु–२०/–

प्रमुख प्रशासकीय अधिकृत